# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३६) काठमाडौं, वैशाख १७ गते २०४३ साल (अतिरिक्ताङ्क ५

## भाग ४

### निर्वाचन आयोगको

### सूचना १

२०४३ साल वैशाख २९ गते हुने राष्ट्रिय पञ्चायतका सदस्यको निर्वाचनको लागि कास्की जिल्ला निर्वाचन क्षेत्रबाट उम्मेदवार भएका श्री चन्द्रसिंह घलेको मिति २०४३।१।१६ का दिन मृत्यु भएकोले सम्बन्धित जिल्ला निर्वाचन क्षेत्रको निर्वाचन अधिकृतले राष्ट्रिय पञ्चायत (सदस्य निर्वाचन) ऐन, २०३३ को दफा १५ क. अनुसार उपरोक्त मितिमा हुने मतदान र तत्सम्बन्धी निर्वाचन कार्यक्रम स्थगित गरेकोले सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

### सूचना २

राष्ट्रिय पञ्चायत (सदस्य निर्वाचन) ऐन, २०३३ को दफा ८ को उप-दफा (३) ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले कास्की जिल्ला निर्वाचन क्षेत्रबाट हुने राष्ट्रिय पञ्चायत सदस्यको निर्वाचनको लागि २०४३ साल जेठ १२ गते सोमबारको दिन बिहान ८ बजेदेखि अपरान्ह ५ बजेसम्म मतदान हुने गरी तोकेकोले सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

35

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ३

राष्ट्रिय पञ्चायत (सदस्य निर्वाचन) ऐन, २०३३ को दफा ८ को उप-दफा (३) को प्रयोजनको लागि निर्वाचन आयोगले २०४३ साल जेष्ठमा कास्की जिल्ला निर्वाचन क्षेत्रबाट राष्ट्रिय पञ्चायतको सदस्यको लागि हुने निर्वाचनको निमित्त उक्त निर्वाचन क्षेत्रमा रहने मतदान केन्द्रहरूको स्थान तोक्न सो निर्वाचन क्षेत्रको निर्वाचन अधिकृतलाई अधिकार प्रत्यायोजन गरेकोले सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

## सूचना ४

नेपालको संविधानको धारा ३५ को खण्ड (घ) तथा राष्ट्रिय पञ्चायत (सदस्य निर्वाचन) ऐन, २०३३ को दफा ९ को उप-दफा (१) को प्रयोजनको लागि निर्वाचन आयोगले २०४३ साल जेष्ठमा कास्की जिल्ला निर्वाचन क्षेत्रबाट राष्ट्रिय पञ्चायतको सदस्यको लागि हुने निर्वाचनमा उम्मेदवार हुन चाहने प्रचलित कानून-बमोजिम योग्यता पुगेका व्यक्तिले खण्ड ३५ मिति २०४२।११।१७ अतिरिक्ताङ्क ५५ को नेपाल राजपत्र भाग ४ मा प्रकाशित यस आयोगको सूचना ४ मा उल्लेख भए-बमोजिमको ढाँचामा दरखास्त दिनुपर्ने गरी तोकेकोले सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

## सूचना ५

राष्ट्रिय पञ्चायत (सदस्य निर्वाचन) ऐन, २०३३ को दफा २१ को उप-दफा (१) ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले २०४३ साल जेष्ठमा कास्की जिल्ला निर्वाचन क्षेत्रबाट राष्ट्रिय पञ्चायतको सदस्यको लागि हुने निर्वाचनको प्रयोजनको लागि खण्ड ३५ मिति २०४२।११।१७ अतिरिक्ताङ्क ५५ को नेपाल राजपत्र भाग ४ मा प्रकाशित यस आयोगको सूचना ३ मा उल्लेख भए अनुसारका निर्वाचन चिन्हहरू निर्धारण गरेकोले सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

आज्ञाले,
मुरलीप्रसाद उपाध्याय
सचिव
निर्वाचन आयोग



श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित।

३६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।